बलेफी गाउँपालिका
Balephi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive
बलेफी, सिन्धुपाल्चोक
Balephi, Sindhupalchok

पत्र संख्या (Letter No.): २०८१/०८२
सूचना नं. (Notice No.): ३१

बागमती प्रदेश, नेपाल (Bagamati Province, Nepal)
मितिः २०८२/०१/०८

## फलफूल बिरुवा मागका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !!!
(प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०८)

प्रस्तुत विषयमा यस बलेफी गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रमको स्वीकृत कृषि विकास कार्यक्रम अन्तर्गत **"उपाध्यक्ष फलफूल खेती प्रवर्द्धन कार्यक्रम"** रहेको र उक्त कार्यक्रम अनुसार फलफूलको बिरुवाहरू परलमूल्यको ७५ प्रतिशत अनुदानमा कृषक, कृषि समूह/फर्म/सहकारीलाई फलफूलको बिरुवा वितरण गर्ने कार्यक्रम रहेको हुदाँ इच्छुक व्यवसायिक कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरूले आफूलाई आवश्यक पर्ने बिरुवा **"उपाध्यक्ष फलफूल खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** (थप कफी बाली) बमोजिम माग गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/०१/२२) भित्र र अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछि लगतै कार्यालय खुलेको दिनको कार्यालय समय भित्र यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध गरिन्छ। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको **website: balephimun.gov.np** हेर्न सकिने छ।

<u>आवश्यक कागजातहरू</u> :

१. निवेदन,
२. कृषक समूह, कृषि फर्म र कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र नविकरण सहित, स्थायी लेखा नम्बर, करचुक्ताको प्रमाण पत्रको प्रतलिपि १ थान,
३. व्यवसायीक कृषकको हकमा कम्तिमा २ रोपनी क्षेत्रफल तथा **"उपाध्यक्ष फलफूल खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** बमोजिम क्रियाकलापको कार्ययोजना सहितको प्रतिवद्धता पत्र,
४. व्यवसायिक कृषक तथा व्यक्तिको हकमा नागरिकता र जग्गाधनि पुर्जाको प्रतलिपि,
५. अन्य प्रमाण पत्र कार्यक्रम सञ्चालन कार्यविधिमा उल्लेख भए बमोजिम।

.........................
(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०११-४००५३६, ४००५३८, ४००५३९ ईमेलः balephi2017@gmail.com वेबसाइटः https://www.balephimun.gov.np
फेसबुकः www.facebook.com/balephiruralmunicipality